हेटौंडा सिमेण्ट उद्योग लिमिटेड

को

# प्रबन्ध-पत्र

१. कम्पनीको नाम : हेटौंडा सिमेण्ट उद्योग लिमिटेड रहने छ ।

२. कम्पनीको मूल कार्यालय : नारायणी अन्चल, हेटौंडामा रहने छ ।

यसको शाखा कार्यालय : आवश्यकता अनुसार नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा र विदेशमा समेत राख्न सकिनेछ ।

३. कारखाना रहने स्थल : हेटौंडा, नारायणी अन्चल ।

४.१ कम्पनिको उद्देश्यः

(१) देश विकासको लागि अत्यन्त आवश्यक पर्ने आधारभूत निर्माण सामाग्री सिमेण्टको उत्पादन, विक्री वितरण गर्नु यस कम्पनीको मुख्य उद्देश्य हो ।

(२) सिमेण्ट उत्पादन गर्न आवश्यक पर्ने खनिज कच्चा पदार्थहरु जस्तै चुनढुङ्गा, माटो, फलामको धाउ, पोइराइट, जिप्सम, कोइला आदि र अन्य धातु तथा अधातु खनिजका खानीहरुको खोजी गर्नु, खानी संचालन गर्नु, खनिजहरुको उत्पादन गर्नु, प्रशोधन गर्नु, बेच्नु, किन्नु, वितरण गर्नु, आयात गर्नु, निर्यात गर्नु ।

(३) सिमेण्ट, ढुङ्गा, बालुवा आदि सामानहरुबाट कंक्रिट पोडक्टस्, कंक्रिट ब्रिक्स, ह्युम पाइप, अस्वेष्टर सिट, प्रि-स्टेस्ड, कंक्रिट आदिको उत्पादन गर्नु बेच्नु, किन्नु ।

(४) यो उद्योग स्थापना गर्न आवश्यक पर्ने कारखाना भवन, कर्मचारी क्वाटर, गोदाम घर, मैगेजिन घर, पावर हाउस आदिको निर्माण गर्ने र यस्तो कार्यको लागि आवश्यक जग्गा उपलब्धी गर्ने ।

(५) उद्योगको लागि आवश्यक पर्ने मेशिनरीज आयात गर्ने, जडान गर्ने, मर्मत संभार गर्ने, स्पेयर पार्टस कच्चा पदार्थहरु आयात गर्ने ।

(६) खानीहरु संचालन गर्न आवश्यक पर्ने विस्फोटक पदार्थ आयात गर्ने, राख्ने प्रयोग गर्ने, गराउने ।

(७) उद्योग संचालन गर्न आवश्यक हुने कर्मचारीहरुको नियुक्ति गर्ने, वरखास्त गर्ने, सस्पैण्ड गर्ने, नसिहत दिने आदि कुराहरु र उनीहरुको पारिश्रमिक तलब भत्ता लगायत पेन्सन, उपदान, औषधी खर्च आदिको व्यवस्था गर्ने ।

(८) उद्योग स्थापना र संचालनको लागि सल्लाहकारको सेवा उपलब्ध गर्ने तिनीहरुको शुल्क तिर्नु ।

(९) उद्योगको प्रयोजनको लागि र अन्य सुविधाहरुको लागि नजिकै पाउने जलस्रोतको प्रयोग गर्ने ।

(१०) उद्योगको निमित्त आवश्यक पर्ने आन्तरिक संचार व्यवस्थाको स्थापना गर्ने, प्रयोग गर्ने ।

(११) कम्पनीको कारोवारसँग सम्बन्ध भएको सवारीको साधनहरु उपलब्ध गर्ने, भाडामा लिने र दिने तथा सो को मर्मत संभार गर्ने ।

(१२) कम्पनीको उत्पादित वा निर्मित बस्तु तथा पदार्थहरुको स्तर सुधार गर्ने वा गुणमा वृद्धि गर्नको लागि आवश्यक पर्ने उपाय तथा तरिकाहरु खोजि गर्ने वा सो को लागि आवश्यक पर्ने फर्मुला प्राप्त गरी सो सामान बनाउने र उत्पादित पदार्थको जाँचपडताल तथा गुण सुधार गर्ने आवश्यक पर्ने अनुसन्धानशाला, प्रयोगशालाहरुको निर्माण गर्ने, स्थापना गर्ने र सो कामको लागि चाहिने कारखाना भवन आदि बनाउने यस उद्योग सम्बन्धित मेशिनरीज तथा आवश्यक स्पेयर पार्टसहरु खरिद गर्ने सहायता लिने वा अन्य कुनै रुपबाट प्राप्त गर्ने । यस्तो मेशिनरीज स्पेयर पार्टस आफैले उत्पादन गर्न क्षमता हासिल गर्ने र उत्पादन गर्ने सुविधा श्रृजना गर्ने ।

(१३) कम्पनीको हितलाई ध्यानमा राखी उद्योगको विस्तार र विकासको लागि चाहिने सामग्री जुटाउने, प्राप्त गर्ने, कर्मचारीलाई तालिमको व्यवस्था मिलाउने छात्रवृत्ति उपलब्ध गराउने तथा कम्पनीलाई उपयुक्त हुने सम्मेलन सेमिनार आदिमा माग लिने, उद्देश्य मिल्ने संस्था वा संगठनको सदस्यता प्राप्त गर्ने ।

(१४) कम्पनीका कर्मचारीलाई तालिम दिन विशेषज्ञको वन्दोवस्त गर्ने, आवश्यक पुस्तक तथा पत्र पत्रिकाहरु जुटाउने तिनीहरुको उचित व्यवस्था गर्ने ।

(१५) कम्पनीको कामसँग सम्बन्धित संगठन र संस्थाहरुसँग आवश्यक सम्बन्ध राख्ने तथा कम्पनीहरुको उद्देश्य तथा हितलाई ध्यानमा राखी कम्पनीको उन्नती तथा विस्तार एवं विकासको लागि आफ्नो उद्देश्यसँग सम्बन्ध राख्ने अन्य कम्पनीको पार्टनरसीपको व्यवस्था गर्ने, शेयर खरिद गर्ने ।

(१६) कम्पनीको तर्फबाट आवश्यक पर्ने मुद्दामामिला गर्ने मध्यस्थता गर्ने प्रतिरक्षा गर्ने तथा मिलापत्र गर्ने आदि काम गर्ने ।

(१७) कम्पनीको कर्मचारी तथा मजदुरको हितलाई ध्यानमा राखी तथा तिनीहरुको आश्रीतको निमित्त चन्दा, दान, उपदान, आर्थिक सहायक आदिको आवश्यक कोषको व्यवस्था गर्ने, तिनीहरुबाट खर्च हुने रकमको व्यवस्था मिलाउने ।

(१८) कर्मचारी तथा मजदुरहरु र तिनीहरुको आश्रीतको शिक्षा स्वास्थ्य आमोद प्रमोदको लागि जो चाहिने आवश्यक व्यवस्था मिलाउने ।

(१९) कम्पनीको उत्पादित वस्तुको सुरक्षाको लागि ट्रेडमार्क रजिष्टर गर्ने, लेवुल पास गराउने प्रचार तथा प्रसार गर्ने व्यवस्था मिलाउने र गर्ने ।

(२०) कम्पनीको हितलाई ध्यानमा राखि स्वदेशी तथा विदेशी अन्य कम्पनीहरुसँग मिलि अन्य

आवश्यक उद्योग स्थापना गर्ने र तिनीहरुको प्रशासनिक आदि काम गर्ने ।

(२१) कम्पनीको सुरक्षाको लागि हात हतियार खरिद गर्ने र राख्ने ।

(२२) कारखानाको लागि आवश्यक पर्ने बाटो पुल, कलभर्ट आदि बनाउने र मर्मत गर्ने ।

(२३) उत्पादित मालको विक्री वितरणको लागि नेपाल अधिराज्यको विभिन्न स्थान तथा विदेशमा समेत आवश्यकता हेरी डिलर तथा डिष्ट्रिव्यूटर, एजेन्ट, सव-एजेन्ट कमिशन एजेन्टहरुको व्यवस्था तथा नियुक्ति गर्ने ।

(२४) नियुक्ति भएका डिलर, एजेन्ट, सव-एजेन्ट तथा कमिशन एजेन्टहरुलाई प्रदान गर्ने कमिशन तथा पारिश्रमिक आदि तोक्ने ।

(२५) उत्पादित वस्तु तथा पदार्थहरु र अन्य उद्योगको निमित्त लाभप्रद देखिएका वस्तु तथा पदार्थहरु आयात निर्यात गर्ने ।

(२६) कम्पनी रजिष्ट्रर गर्दा आवश्यक पर्ने रकम खर्च गर्ने ।

(२७) कम्पनीको लागि आवश्यक पर्ने ऋण प्राप्त गर्ने, कम्पनीको जगेडा रकम असुल गर्ने तथा मजवुत सेक्युरिटिज (जमानत) हरुमा लगानी गर्ने अन्य कम्पनी तथा संस्थाहरुको शेयर, डिवेन्चर, ऋण पत्र आदि खरिद गर्ने ।

(२८) विभिन्न प्रकारको विनिमय पत्र, चेक, प्रामिसरी नोट, बिल, हुण्डी, ड्राफ्ट आदि स्वीकार गर्ने, भुक्तानी गर्ने, प्राप्त गर्ने, प्रचलन गर्ने तथा बैंकिङ्ग कारोवार गर्ने र आवश्यकता अनुसार बैंकहरुमा खाता खोल्ने संचालन गर्ने आदि काम गर्ने ।

५. पूँजीः

(१) कम्पनीको मूल धन रु. २५,00,00,000।- हुनेछ ।

(२) उक्त मूल धनलाई रु. १000 दरको २५0000 साधारण शेयरमा विभाजित गरिएको कम्पनीको अधिकृत पूँजी रु. २५,00,00,000।- रुपैयाँ पच्चिस करोड मात्र हुनेछ । जसमध्ये रु. ६0,00,000।- को जारी पूँजी हुनेछ ।

(३) उक्त कम्पनीको स्थापनार्थ तथा स्थापना भै सकेपछि पनि अन्य कुनै श्रोतबाट कुनै किसिमको जिन्सी वा नगदी सहायता पाएमा सो सहायतालाई चुक्ता पूँजीमा परिणत गरि श्री ५ को सरकारको शेयरमा परिणत गरिनेछ ।

६. यस कम्पनीमा श्री ५ को सरकारबाट मात्र शेयर खरिद गरिने भएकोले विवरण पत्र प्रकाशित गरिने छैन ।

७. यस कम्पनीमा श्री ५ को सरकारको मात्र शेयरमा स्वामित्व हुने भएकोले आवश्यक भएमा श्री ५ को सरकारको स्वीकृति प्राप्त नगरीकुनै पनि यस कम्पनीको शेयर विक्री गर्न सकिने छैन ।

८. शेयरवालाहरुको दायित्वः- प्रत्येक शेयरवालाको दायित्व आफुले लिएको शेयरको रकमसम्म मात्र सिमित रहनेछ ।

यस कम्पनीको प्रबन्ध पत्रमा उल्लेख भए अनुसार कम्पनी स्थापना गर्न इच्छा र निश्चय गरि श्री ५ को सरकारले यस कम्पनीको समुच्चा शेयर लिन मन्जुर गरेको छ र यस प्रबन्ध पत्रमा श्री ५ को सरकारका तर्फबाट निम्न लिखित पदाधिकारीहरुले दस्तखत गरिएको छ ।

| श्री ५ को सरकारका पदाधिकारीहरुको नाम, दर्जा तथा कार्यालय | शेयर संख्या | शेयर लिन हस्ताक्षर गर्ने पदाधिकारीको हस्ताक्षर | साक्षीको नाम, थर, वतन |
|---|---|---|---|
| १) श्री ५ को सरकार, अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रकको कार्यालय ------------------ | ४०० | | |
| २) श्री ५ को सरकार, उद्योग, वाणिज्य मन्त्रालय तथा महालेखा नियन्त्रकको कार्यालय ------- | ४०० | | |
| ३) श्री ५ को सरकार, जल तथा विद्युत मन्त्रालय तथा महालेखा नियन्त्रकको कार्यालय ------- | ४०० | | |
| ४) श्री ५ को सरकार, उद्योग विभाग तथा महालेखा नियन्त्रकको कार्यालय ------------------- | ४०० | | |
| ५) श्री ५ को सरकार, खानी तथा भूगर्भ विभाग तथा महालेखा नियन्त्रकको कार्यालय ------- | ४०० | | |